(D) 

(i) A र C (A and C) (ii) A र B (A and B)
(iii) A र D (A and D) (iv) B र C (B and C)

## खण्ड 'ख' (Section 'B')

**तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**
**Write very short answers to the following questions.** **9×1=9**

2. (a) अनलाइन रेप्युटेसन भनेको के हो ?
What is online reputation?

(b) विशेषताका आधारमा यी दुईमध्ये कुन चाहिँ कम विकसित जनावर हो ?
On the basis of their features, which one is less developed animal?



A



B

(c) शुद्ध रगत मुटुमा ल्याउने रक्तनलीको नाम के हो ?
What is the name of blood vessel that brings pure blood to the heart?

(d) चुम्बकीय क्षेत्र भनेको के हो ?
What is magnetic field?



CS Scanned with CamScanner

(e) विग व्याङ्ग सिद्धान्तलाई ब्रह्माण्डको उत्पत्ति सम्बन्धी सबैभन्दा विश्वसनीय मानिन्छ, किन ?
Why is Big-Bang theory considered the most reliable theory among all the theories related to the origin of universe?

(f) संयोजन प्रतिक्रियाको एउटा उदाहरण दिनुहोस् ।
Give an example of combination reaction.

(g) दिइएको रासायनिक समीकरणमा यौगिक 'X' को अणुसूत्र लेख्नुहोस् ।
Write the molecular formula of the compound 'X' in the given chemical equation.

$X + H_2SO_4 \rightarrow Na_2SO_4 + H_2O$

(h) कार्वनडाइअक्साइड ग्यासलाई पानीमा घोल्दा बन्ने अम्लको आणविक सूत्र लेख्नुहोस् ।
Write the molecular formula of the acid formed when carbon dioxide gas is dissolved in water.

(i) रिठामा कुन तत्त्व हुन्छ जसले रिठामा फिंज पैदा गर्दछ ?
Which element acts as a foaming agent in Reetha?

## खण्ड 'ग' (Section 'C')

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**
**Write short answers to the following questions.** 14×2=28

3. आधारभूत एकाइको परिभाषा लेखी एउटा उदाहरण दिनुहोस् ।
Define fundamental unit and give one example.

4. उनिउँमा फूल फुल्दैन, साइकसमा फूल फुल्छ तर फल फल्दैन, केरामा फूल पनि फुल्छ र फल पनि फल्छ, तर यी सबै विरुवाहरू एउटै डिभिजनमा पर्छन् । यी सबै वनस्पतिहरू एउटै डिभिजनमा पर्नुका दुई कारणहरु लेख्नुहोस् ।
Fern is not a flowering plant; cycas bears flowers but no fruit; banana bears flowers as well as fruits. However all these plants are kept in same division. Give any two reasons, why they are all kept in the same division.

5. भाले र कर्मी मौरी विच कुनै दुईओटा फरकहरू लेख्नुहोस् ।
Write any two differences between drone bee and worker bee.

6. मेन्डलले आफ्नो प्रयोगका लागि केराउको विरुवालाई किन रोजे ? कुनै दुईओटा कारणहरू दिनुहोस् ।
Why did Mendel choose pea plant for his experiment? Give any two reasons.



Scanned with CamScanner

7. तल दुईप्रकारका कोष विभाजन प्रक्रिया देखाइएको छ।
Two types of cell division are shown below.

A
कोष विभाजन (Cell division) ⟶ प्रजनन कोष (reproductive cell) ⟶ ग्यामेट निर्माण (gamete formation) — प्रक्रिया Process P

2n ⟶ सोमाटिक कोष (somatic cell)) ⟶ वृद्धि (Growth) — प्रक्रिया Process Q

(i) A ले कुन प्रकारको कोष विभाजन जनाउँछ ?
What type of cell division does A represent?

(ii) यी दुई प्रकारका कोष विभाजनको कुनै एक फरक लेख्नुहोस् ।
Write any one difference between these two types of cell divisions?

8. पोलेको ठाउँमा उपचार गर्न प्रयोग हुने विरुवाको नाम लेख्नुहोस् । उक्त विरुवाको थप एक उपयोगिता लेख्नुहोस् ।
Write the name of plant which is used in the treatment of burn. Write one other use of this plant.

9. एउटा क्रिकेट बललाई पानीमा डुबाइ जोख्दा 2 N र त्यसले विस्थापित गरेको पानीको तौल 1 N छ भने,
If the weight of a cricket ball in water is 2 N and the weight of the water displaced by it is 1N,

(i) बलको बास्तविक तौल कति हुन्छ ?
What is the actual weight of the cricket ball?

(ii) यो प्रयोग कुन सिद्धान्तमा आधारित हुन्छ ?
On which principle is this experiment based?

10. धेरै चिसो स्थानमा रहेका पानीका पाइपहरू हिउदमा फुट्छन् । यसका कुनै दुई कारणहरू लेख्नुहोस् ।
Water pipes burst in very cold places in winter. Write any two reasons for this.

11. एउटा 500 g पिण्ड भएको पदार्थलाई 100 °C बाट 226 °C सम्म तताउन 5980 J तापशक्ति आवश्यक पर्छ भने उक्त पदार्थको विशिष्ट तापधारण क्षमता हिसाब गर्नुहोस् ।
If a substance of mass 500 g needs 5980 J of heat to increase its temperature from 100 °C to 226 °C, calculate its specific heat capacity.

12. पृथ्वीको सतहबाट इन्द्रेणी सधैं अर्ध वृत्ताकार र एउटै मोटाइमा देखिनुका दुईओटा कारणहरु लेख्नुहोस् ।
State two reasons why rainbow always appears semicircular and of the same thickness from the surface of the earth.

क्रमशः

CS Scanned with CamScanner

13. एक विद्यार्थीले ग्यास जारमा रहेको ग्यास नजिकै बलिरहेको सलाइको काँटी राख्दा उक्त काँटी निभ्यो । उक्त ग्यासमा बलिरहेको म्याग्नेसियम रिबन घुसाउँदा हुने रासायनिक प्रतिक्रियाको सन्तुलित समीकरण लेख्नुहोस् ।
A student inserted a burning matchstick into a gas jar and it extinguishes. Write the balanced chemical equation of a reaction that takes place when a burning magnesium ribbon is inserted into the gas jar.

14. खनिज र धाउमा कुनै दुईओटा फरक लेख्नुहोस् ।
Write any two differences between mineral and ores.

15. कार्बन संख्या दुई भएको अल्कोहलको नाम र संरचना सूत्र लेख्नुहोस् ।
Write the name and structural formula of the alcohol having two carbons.

16. डिटरजेन्ट प्रयोग गर्नु वातावरणीय दृष्टिकोणले हानिकारक हुनुका कुनै दुईओटा कारणहरू लेख्नुहोस् ।
The use of detergent is harmful, from environmental perspectives. Give any two reasons for this.

## खण्ड 'घ' (Section 'D')

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

**Write long answer to the following questions.** **(7×4=28)**

17. दैनिक जीवनमा डिजिटल प्रविधिका दुईओटा सकारात्मक र दुईओटा नकारात्मक प्रभावहरू लेख्नुहोस् ।
Write any two positive and any two negative effects of digital technology in daily life.

18. कालो (BB) र सेतो (bb) कुकुरहरूबाट जन्मेका सन्तानहरू पहिलो र दोस्रो वंशमा देखापर्ने नतिजा मेण्डलले गरेको प्रयोग अनुसार फिनोटाइप र जिनोटाइप दुवै देखिने गरी चार्टमा देखाउनुहोस् र दोस्रो वंशको फिनोटाइप र जिनोटाइप अनुपात पनि लेख्नुहोस् ।
Draw a chart to show both phenotype and genotype of offsprings produced from dogs of black (BB) and white (bb) colour in the 1st and 2nd filial generation according to Mendel's experiment. Write the ratio of phenotype and genotype of second filial generation.

19. चार जना व्यक्तिको रगतको नमुना परीक्षण गर्दा निम्न नतिजा प्राप्त भयो ।
Following results were obtained when the blood samples of four people were tested.
A – RBC को मात्रा न्यून (A - RBC count is low)
B – WBC को मात्रा बढी (B - WBC count is high)
C – प्लेटलेट्सको मात्रा न्यून (C - Platelets count is low)
D – चिनीको मात्रा बढी (D - amount of sugar is high)

क्रमशः

Scanned with CamScanner

(i) कुन नमुना भएको व्यक्तिलाई चोटपटक लाग्दा धेरै रगत बग्छ ?
The person with which blood sample bleeds more during injuries.

(ii) कुन नमुना भएको व्यक्ति एकैछिन हिंड्दा पनि थाक्छ ?
The person with which blood sample becomes tired even after a short walk?

(iii) कुन नमुना भएको व्यक्तिलाई एन्टिवायोटिकको आवश्यकता पर्दछ ?
The person with which blood sample needs to take antibiotic?

(iv) कुन नमुना भएको व्यक्तिको मृगौलामा समस्या हुन सक्छ ?
The person with which blood sample could have problems in kidney.



20. न्युटनको गुरुत्वाकर्षण सम्बन्धी विश्वव्यापी नियम लेख्नुहोस् र $F = \frac{Gm_1m_2}{d^2}$ हुन्छ भनी उपयुक्त चित्रसहित प्रमाणित गर्नुहोस् ।
State Newton's Universal law of gravitation and prove that $F = \frac{Gm_1m_2}{d^2}$ with the help of appropriate diagram.

21. दिइएका दुई लेन्सको प्रकार उल्लेख गर्नुहोस् । तिमध्ये कुन लेन्सले वस्तुलाई उक्त लेन्सबाट 15 cm मा राख्दा अवास्तविक र वस्तुभन्दा ठूलो आकृति बनाउँछ ? उपयुक्त किरण रेखाचित्र कोर्नुहोस् ।

| लेन्सहरु (Lenses) | केन्द्रीकरण दुरी (Focal Length) |
|---|---|
| A | +20 cm |
| B | -25 cm |

Mention the types of these two lenses. Out of these two lenses which one forms a virtual and magnified image when an object is kept 15 cm away from the lens? Draw and appropriate ray diagram of this.

22. दिइएको चित्र अध्ययन गर्नुहोस् । (Study the given figure)

| | |
|---|---|
| चित्र (Figure) A |  |
| चित्र (Figure) B |  |

(i) चित्रमा X र Y ट्रान्सफर्मरको प्रकार लेख्नुहोस् ।
Name the type of transformers X and Y.

क्रमश:

CS Scanned with CamScanner

(iii) चित्र A मा जस्तै गरि विद्युत् प्रशारण गर्दा हुने दुईओटा समस्याहरु लेख्नुहोस् ।
Write any two problems of transmitting electricity the way shown in figure A.

23. (i) आधुनिक पेरियोडिक नियम लेख्नुहोस् ।
State modern periodic law.

(ii) तत्त्व (Element) : $A = 1s^2, 2s^2\ 2p^6, 3s^2$ र
तत्त्व (Element) : $B = 1s^2, 2s^2\ 2p^4$ भए

(a) तत्त्व B पेरियोडिक तालिकाको कुन ग्रुपमा पर्दछ?
In which group of periodic table does element B lie?

(b) A र B का विच हुने रासायनिक प्रतिक्रियाको सन्तुलित रासायनिक समीकरण लेख्नुहोस् ।
Write the balanced chemical equation obtained in the reaction between A and B.

-0-

CS Scanned with CamScanner

Symbol No. .................... RE –1041'GP

SEE 2081 (2025)

विज्ञान तथा प्रविधि

समय : ३ घण्टा पूर्णाङ्क : ७५

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*

## खण्ड 'क' (Section 'A')

### बहुवैकल्पिक प्रश्नहरू (Multiple Choice Questions)

**तलका प्रश्नहरूको ठिक विकल्प छानी उत्तरपुस्तिकामा लेख्नुहोस् ।**

**Choose the best alternative to the following questions and write in the answer sheet.** **10×1=10**

1. (a) निब्बल (Nibble) र बाइट (Byte) बिचको सही सम्बन्ध तलकामध्ये कुन हो ?
Which one of the following is the correct relation between nibble and byte.
(i) 1 nibble = 4 byte (ii) 2 nibble = 1 byte
(iii) 4 nibble = 1 byte (iv) 8 nibble = 1 byte


(b) तलकामध्ये फाइलम सिलेन्टरेटा अन्तर्गत पर्ने जीवका विशेषताहरू पहिचान गर्नुहोस् ।
Identify the characteristics of the animal that belongs to phylum coelenterata.
(i) यसको शरीरमा धेरै छिद्रहरू हुन्छन् । (It's body has numerous pores)
(ii) यो जमीनमा पाइन्छ (It is found on land)
(iii) यसले टेन्टाकल्स्को मद्दतले चाल देखाउँछ (It moves with the help of tentacles)
(iv) एककोषीय हुन्छ (It is unicellular)

(c) तलकामध्ये कुन वंशाणुगत सङ्केतले पुरुष मानवको शरीरलाई जनाउँछ ?
Which one of the given genetic code represents the body of male human?
(i) 22 + y (ii) 44 + xy (iii) 44 + xx (iv) 22 + x

(d) वस्तुको तौल (w) र गुरुत्वप्रवेग (g) बिच को सम्बन्ध कुन सही छ ?
What is the relationship between weight of object (w) and acceleration due to gravity (g)?
(i) $W = g$ (ii) $W \propto g$ (iii) $W \propto \frac{1}{g}$ (iv) $W = 2g$

क्रमशः


(e) चित्रमा देखाइएको काल्पनिक अवस्थामा वस्तु A र B बिच उत्पन्न हुने गुरुत्वाकर्षण बल कति हुन्छ होला ?
What could be the gravitational force produced between object A and B in the given hypothetical condition shown in the figure?




(i) $6.67 \times 10^{-10}$ N (ii) $6.67 \times 10^{-11}$ N
(iii) $6.67 \times 10^{-12}$ N (iv) $6.67 \times 10^{-13}$ N

(f) विद्युत चुम्बकीय तरङ्गको लागि तलको मध्ये कुन तथ्य सही छ ?
Which one of the following statement is correct about electromagnetic wave.
(i) वैजनी रङको किरणको तरङ्ग लम्बाइ र आवृति सवैभन्दा बढी हुन्छ ।
Wavelength and frequency of violet ray are the highest.
(ii) वैजनी रङको किरणको तरङ्ग लम्वाइ कम र आवृत्ति बढी हुन्छ ।
Wavelength of violet ray is less and frequency is high.
(iii) वैजनी रङको किरणको तरङ्ग लम्वाइ र आवृत्ति सवैभन्दा थोरै हुन्छ ।
Wavelength and frequency of violet ray is the lowest.
(iv) वैजनी रङको किरणको तरङ्ग लम्बाइ बढी र आवृति कम छ ।
Wavelength of violet ray is maximum and frequency is less.

(g) चित्रमा देखाइए जस्तो चुम्बकलाई सोलेन्वाइड भित्र छिराउँदा ग्याल्भानोमिटरको सुई घुम्दछ यसको कारण के होला ?
As shown in the figure, if the magnet is inserted into the solenoid, the needle of galvanometer is deflected. What could be the reason for this?




(i) मोटर असर (motor effect)
(ii) विद्युत चुम्वकीय उपपादन (electromagnetic induction)
(iii) म्युचुअल इन्डक्सन (mutual induction)
(iv) विद्युतको चुम्बकीय असर (magnetic effect of current)

(h) एउटा धातुको भ्यालेन्स सेलमा एउटा मात्र इलेक्ट्रोन छ । उक्त धातु तत्त्वले तेस्रो पिरिडयमा भएको हेलोजनसँग रासायनिक प्रतिक्रिया गर्दा तलका मध्ये कुन यौगिक बनाउँछ ?
A metal element has one electron in its valence shell. When this element reacts with halogen of third period, which compound is produced of the following?
(i) $MgCl_2$ (ii) $CaCl_2$ (iii) KCl (iv) NaBr

(i) रक्तदान गर्नुअघि व्यक्तिको रक्त समूह थाहा पाउनु किन महत्त्वपूर्ण छ ?
Why is it important to know a person's blood type before blood transfusion?
   (i) व्यक्तिको समग्र स्वास्थ्य थाहा पाउन
   To know person's overall health
   (ii) सम्भावित वंशाणुगत डिसअर्डर पहिचान गर्न
   To identify possible genetic disorder
   (iii) व्यक्तिको सम्भावित मृत्युको खतराबाट रोक्न
   To prevent the possible fatal risk of the person
   (iv) व्यक्तिको रक्तचाप निर्धारण गर्न
   To determine person's blood pressure

(j) तलकामध्ये किटनाषक रसायन समूह कुन हो ?
Which of the following group is a chemical insecticide?
   (i) डि.डि.टि., वि.एच.सी., एल्ड्रिन (DDT, BHC, aldrin)
   (ii) पोटासियम क्लोराइड, बेन्जिन, वेन्जोइक एसिड
   potassium chloride, benzene, benzoic acid
   (iii) मिथोक्सी क्लोराइड, वेन्जिन, वेन्जोइक एसिड
   methoxy chloride, benzene, benzoic acid
   (iv) पोटासियम क्लोराइड, सोडियम लरिल सल्फेट, डाइ एल्ड्रिन
   potassium chloride, sodium lauryl sulphate, di-aldrin

## खण्ड 'ख' (Section 'B')

**तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**
**Write very short answer to the following questions.** **9×1=9**

2. (a) डिजिटल आरोग्यताको लागि अपनाइने एउटा सजगता लेख्नुहोस् ।
Write a precaution to be taken for digital well being.

(b) आर्किमिडिजको सिद्धान्त लेख्नुहोस् ।
Write Archimedes' principle.


(c) पानीलाई चिस्याउने कार्यमा प्रयोग गर्नुको एउटा कारण लेख्नुहोस् ।
Write a reason of using water as a cooling agent.

(d) पानीबाट हावामा प्रकाशको किरण जाँदा पूर्ण आन्तरिक परावर्तन भएको प्रक्रिया चित्रद्वारा देखाउनुहोस् ।
Draw a ray diagram to show total internal reflection when a ray of light passes from water to air.

क्रमशः

(e) डाइनामोमा उत्पादन हुने विद्युतको मात्रा बढाउने कुनै एउटा उपाय लेख्नुहोस् ।
Write any one way to increase the amount of induced electricity in dynamo.

(f) चित्रमा दिइएको कार्बोनिक यौगिकको एउटा उपयोगिता लेख्नुहोस् ।
Write a use of organic compound given in the figure.



(g) अल्टरनेटिङ करेन्टको समय करेन्ट ग्राफ खिच्नुहोस् ।
Draw a time current graph of alternating current.

(h) अल्काइनको सामान्य आणविक सूत्र लेख्नुहोस् ।
Write a general molecular formula of alkyne.

(i) इथेन र इथिनमा एउटा भिन्नता लेख्नुहोस् ।
Write a difference between ethane and ethene.

## खण्ड 'ग' (Section 'C')

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**
**Write short answer to the following questions:** **(14×2=28)**

3. एकाइगत विश्लेषण गरी तल दिइएको समीकरणको मान्यता परीक्षण गर्नुहोस् ।
Test the validity of the equation given below by unit wise analysis.
$v^2 = u^2 + 2as$.

4. मस र केरा कुन कुन डिभिजनमा राखिएको छ ? लेख्नुहोस् ।
In which division are moss and banana kept?

5. शरीरलाई दुई बराबर भागमा बाँड्न सकिने र बाहिरी आवरण काइटिनले बनेको जीवको फाइलम लेख्नुहोस् र उक्त फाइलममा पर्ने एउटा जीवको नाम पनि लेख्नुहोस् ।
Write the phylum of animal whose body is bilaterally symmetrical and body is covered by chitin and also write the name of an organism of this phylum.

6. कर्मी मौरीले 7-11 दिनमा र 18-20 दिनमा गर्ने एक एक ओटा कार्य लेख्नुहोस् ।
Write one function of each of worker bees do during 7-11 days and during 18-20 days.

7. दिइएको चित्रहरुको पहिचान गरि कुनै दुईओटा फरक लेख्नुहोस् ।
Identify the following figures and write any two differences between them.

| चित्र (Figure) A | चित्र (Figure) B |
|---|---|
|  |  |

8. जनावरहरू लोप हुनुको एउटा कारण जलवायु परिवर्तन हो भने अन्य दुईओटा कारण लेख्नुहोस् ।
Climate change is the cause of the extinction of animals. Give other two possible causes.

9. "नेपालमा जडिवुटीजन्य औषधीको प्रचुर सम्भावना छ । यसको संरक्षण र प्रयोगका लागि स्थानीय जनतालाई सचेत गराउन आवश्यक छ" । यस कथनको पक्षमा दुईओटा तर्क पेश गर्नुहोस् ।
"There are plenty of possibilities of medicinal plant in Nepal. It is essential to aware the local people in order to protect and use of such medicinal plant." Give any two arguments to support this statement.

10. स्वतन्त्र खसाइ भनेको के हो ? कुनै वस्तु पृथ्वीको सतहतिर स्वतन्त्र खसाइमा रहँदा गुरुत्व प्रवेगको मान कति हुन्छ ?
What is free fall? Write the value of acceleration due to gravity when a body falls freely towards the surface of the Earth.

11. बन्द ब्रम्हाण्ड र खुल्ला ब्रम्हाण्डबिच पाइने दुईओटा भिन्नता लेख्नुहोस् ।
Write any two differences between close universe and open universe.

12. दिइएका तालिकामा अति सक्रिय धातु र अति सक्रिय अधातुको संयुज्यता कति कति हुन्छ ? लेख्नुहोस् ।
Write the valency of the most reactive metal and the most reactive non-metal from the given table.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Na | Mg | Al | Si | P | S | Cl | Ar |

## खण्ड 'घ' (Section 'D')

**तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् :**


**Write long answer of the following questions.** **(7×4=28)**

17. डिजिटल सञ्चारबाट दैनिक जिवनमा हुनसक्ने चारओटा फाइदाहरू लेख्नुहोस् ।
Write any four advantages of using digital communication in daily life.

18. उच्च रक्तचाप हुनुका दुई कारणहरू र यसका रोकथामका दुई उपायहरू लेख्नुहोस् ।
Write any two causes of high blood pressure and two preventive measures of it.

19. मेन्डलको प्रयोग अनुसार, एउटा रातो फूल फुल्ने केराउ (RR) र सेतो फूल फुल्ने केराउ (rr)बिच परपरागसेचन गराउँदा उत्पादन हुने $F_2$ वंशसम्मको प्रक्रियालाई चार्टद्वारा देखाउनुहोस् र यसको फिनोटाइपिक र जिनोटाइपिक अनुपात पनि लेख्नुहोस् ।
Make a chart to show the offspring formed upto $F_2$ generation according to Mendel's experiment, when red flower (RR) pea plant is cross pollinated with white flower (rr) pea plant. Also state the phenotypic and genotypic ratio.

२०. दिइएको ग्राफको अध्ययन गर्नुहोस् ।
Study the given graph.




(i) ग्राफले पानीको कुन विशेष गुण देखाउन खोजेको छ ?
Which special character of water is shown in the graph?

(ii) पानीलाई $0^0$C बाट $10^0$C सम्म तताउँदा यसको घनत्व र आयतनमा के फरक परेको छ ?
How are the density and volume of water affected when it is heated from $0^0$C to $10^0$ C.

(iii) यस प्रक्रियाले जलचरहरूलाई कसरी फाइदा पुगेको छ ?
How are aquatic animals benefitted from this phenomenon?

21. दुईओटा रासायनिक समीकरणहरू दिइएको छ ।
Two chemical equations are given.


(i) $2KClO_3 \xrightarrow{MnO_2/\Delta} 2KCl + 3O_2$

(ii) $2Na + Cl_2 \xrightarrow{Sunlight/\Delta} 2NaCl$

(a) समीकरण (i) र समीकरण (ii) मा कुनै दुईओटा फरक लेख्नुहोस् ।
Write any two differences between equation (i) and equation (ii).

13. अशुद्ध चाँदीको धाउबाट शुद्ध चाँदीको धातु प्राप्त गर्न अपनाउने इलेक्ट्रोरिफाइनिङ विधिको सफा चित्र बनाउनुहोस् र आवश्यक पर्ने सामग्री मध्ये कुनै एकको नाम लेख्नुहोस् ।
Draw a necessary diagram of obtaining pure silver metal from impure silver by electro-refining method and label any one part of it.


14. चित्रमा अध्ययन गरी निम्न प्रश्नहरूको उत्तर दिनुहोस् ।
Study the given diagram and answer the questions asked below.




(i) ढुङ्गामा पर्ने उर्ध्वचाप कति हुन्छ ?
How much upthrust is experienced by the stone?
(ii) यदि हावामा ढुङ्गाको तौल 7.35 N छ भने ढुङ्गाको पिण्ड कति छ ?
What is the mass of stone if its weight in air is 7.35 N?

15. क्याल्सियम कार्बाइड जस्ता रसायनले स्वास्थ्यमा पार्ने नकारात्मक असरबाट बच्न बारीमा फलेको केरालाई घरमै उपलब्ध सामग्रीहरूको प्रयोग गरेर पकाउने दुईओटा विधिहरू लेख्नुहोस् ।
To avoid the negative effect of chemicals like calcium carbide in health, write two methods of ripening the bananas grown in a farm using the materials available at house.


16. दिइएको चित्रमा प्राइमरी फन्काको सङ्ख्या 300 छ भने सेकेण्डरी क्वाइलमा फन्कामा फेराको सङ्ख्या पत्ता लगाउनुहोस् ।
If number of primary turns is 300, calculate the number of turns in the secondary coil in the given figure.



(b) दिइएका रासायनिक प्रतिक्रियाहरूमा रासायनिक प्रतिक्रियाको दरलाई प्रभाव पार्ने तत्त्वहरू के के हुन् ?
What are the factors that affect the rate of chemical reaction in the given chemical equations?

22. एक जना व्यक्तिले अत्यधिक तापक्रम भएको ठाउँमा कालोपत्रे सडकमा हिँड्दा अगाडि पानी रहेको देखे । तर उनी त्यहाँ पुग्दा पानी पाइएन ।
One person saw water on the road while walking on coal-tarred road in an extremely high temperature. But he did not find water when he reached the place.
(i) यो अवस्थालाई के भनिन्छ ?
What is this condition called?
(ii) यो अवस्थाको मुख्य कारण के हो ?
What is the main cause of this condition?
(iii) यस प्रक्रियाका लागि आवश्यक पर्ने दुई अवस्थाहरू लेख्नुहोस् ।
Write any two conditions required for this process to occur.

23. दिइएको चित्र अध्ययन गरी सोधिएको प्रश्नहरूको उत्तर लेख्नुहोस् ।
Observe the given figure and answer the following questions.




(i) ग्याँस जारमा कुन ग्याँस जम्मा भएको छ ।
Which gas is collected in the gas jar?
(ii) यसरी बन्ने ग्यासको एउटा उपयोगिता लेख्नुहोस् ।
Write an uses of the gas formed in this process.
(iii) उक्त ग्याँस तयार पार्ने क्रममा CaO को प्रयोग किन गरिन्छ ?
Why is CaO used while preparing this gas?
(iv) ग्याँस जारमा भिजेको रातो लिटमस पेपर राख्दा कस्तो परिवर्तन देखिन्छ ?
If a wet red litmus paper is inserted inside gas jar, what change will be seen in litmus paper?

Symbol No. ....................

RE-1041'BP'

# SEE 2081 (2025)
# विज्ञान तथा प्रविधि

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

*दिइएका निर्देशनका **आधारमा आफ्नै शैलीमा** सिर्जनात्मक **उत्तर दिनुहोस्** ।*

## खण्ड 'क' (Section 'A')
### बहुवैकल्पिक **प्रश्नहरू (Multiple Choice Questions)**

**तलका प्रश्नहरूको ठिक विकल्प छानी उत्तरपुस्तिकामा लेख्नुहोस् ।**

**Choose the best alternative to the following questions and write in the answer sheet.** **10×1=10**

1 (a) मानिसको छालाको कोषमा क्रोमोजोमको सङ्ख्या कति हुन्छ ।
What is the number of chromosome in human skin cell?
(i) 40 (ii) 42 (iii) 44 (iv) 46

(b) लेन्सको केन्द्रीकरण दूरी पत्ता लगाउने सही सूत्र कुन हो ?
Which is the correct formula to find the focal length of a lens?
(i) $v = \frac{M}{u}$ (ii) $M = \frac{i}{o}$
(iii) $P = \frac{1}{f}$ (iv) $f = \frac{v}{u}$

(c) रगत दाँया भेन्ट्रिकलबाट दाँया अरिकलमा जान कुन भल्भले नियन्त्रण गर्छ ?
Which valve controls the blood flow from right ventricle to right auricle?
(i) एओर्टिक भल्भ (aortic valve)
(ii) बाइकस्पिड भल्भ (bicuspid valve)
(iii) पल्मोनिक भल्भ (pulmonic valve)
(iv) ट्राइकस्पिड भल्भ (tricuspid valve)

(d) पाचन क्रिया सक्रिय बनाउने एन्टिमाइक्रोवियल गुण भएको जडीबुटी कुन हो ?
Which medicinal plant has the antimicrobial property that can activate digestive process?
(i) नीम (Neem) (ii) गुर्जो (Heart leaved moonseed)
(iii) घोडटाप्रे (Asiatic pennywort) (iv) तुलसी (Holy basil)

(e) दिइएको मध्ये डाइहाइड्रिक अल्कोहल कुन हो?
Which of the following is a di-hydric alcohol?
(i) इथानोल (Ethanol) (ii) इथिलिन ग्लाइकोल (Ethylene glycol)
(iii) मिथानोल (Methanol) (iv) ग्लिसेरोल (Glycerol)

क्रमशः


(f) यदि पृथ्वीलाई खाँदिर चन्द्रमाजत्रै बनाउन सकियो भने पृथ्वीको गुरुत्व प्रवेगको मानमा कस्तो असर पर्छ ?
If the Earth could be squeezed to the size of the Moon, what would be the effect on the value of acceleration due to gravity of the Earth?
(i) बढ्छ (increases) (ii) घट्छ (decreases)
(iii) शून्य हुन्छ (becomes zero) (iv) उत्ति नै रहन्छ (remains the same)

(g) तलकामध्ये कुन तथ्य सही छ ?
Which of the following fact is correct?
(i) विद्युत मोटरले विद्युतीय शक्तिलाई गति शक्तिमा रूपान्तर गर्दछ ।
Electric motor changes electrical energy into kinetic energy
(ii) विद्युत जेनेरेटरले विद्युत शक्तिलाई यान्त्रिक शक्तिमा रूपान्तरण गर्दछ ।
Electric generator changes electrical energy in to mechanical energy.
(iii) विद्युत मोटर र जेनेरेटर दुवैले एउटै सिद्धान्तमा आधारित रही कार्य गर्दछन् ।
Both electric motor and generator work on same principle.
(iv) विद्युत मोटर र जेनेरेटर दुवै यन्त्रले यान्त्रिक शक्तिलाई विद्युतीय शक्तिमा रुपान्तर गर्दछन् ।
Both electric motor and generator changes mechanical energy into electrical energy

(h) पदार्थको विशिष्ट तापधारण क्षमता तलकामध्ये कुन कुरामा निर्भर गर्दछ ?
On which of the following factors does specific heat capacity depend upon?
(i) पदार्थको पिण्ड (mass of matter)
(ii) पदार्थको आयतन (volume of matter)
(iii) पदार्थको तापक्रम (temperature of matter)
(iv) पदार्थको प्रकृति (nature of matter)

(i) तलका मध्ये कुन आधारभूत एकाईको समूहले शक्तिको तत्जन्य एकाई जुल (J) लाई जनाउँछ ?
Which of the following group of fundamental units represent the derived unit of energy Joule (J)?
(i) $kg\ ms^{-2}$ (ii) $kg\ ms^{-1}$ (iii) $kg\ m^2s^{-2}$ (iv) $kg\ ms^{-3}$

(j) देखाइएको चित्रमा पिस्टन A मा 500 N को बल लगाइयो भने पिस्टन B मा कति बल लाग्छ होला?
If 500 N force is applied on the piston A, how much force is produced on piston B ?




(i) 875 N (ii) 975 N
(iii) 1075 N (iv) 1175 N

## खण्ड 'ख' (Section 'B')

तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् : $9\times1=9$

**Write very short answers to the following questions.**

2 (a) मुटुबाट शरीरको विभिन्न भागमा रगत लैजाने रक्तनलीलाई के भनिन्छ ?
What is the name of the blood vessel that carries blood from heart to different parts of the body?

(b) एमोनिया पानीमा घुलेर बनाउने यौगिकको नाम लेख्नुहोस् ।
Write the name of compound which is formed when ammonia dissolves in water?

(c) कार्बन डाईअक्साइडलाई किन सुल्टो ग्यास जारमा जम्मा गरिन्छ ?
Why carbon dioxide gas is collected in an erect gas jar?

(d) असल नेटिजनले अपनाउनुपर्ने एउटा सजगता लेख्नुहोस् ।
Write a precaution to be taken by a good netizen.

(e) नकारात्मक उत्प्रेरकले रासायनिक प्रतिक्रियाको दरमा कस्तो परिवर्तन गर्छ ?
What change does a negative catalyst do in the rate of chemical reaction?

(f) साबुनभन्दा डिटर्जेन्ट वातावरणमैत्री मानिदैन, किन? एउटा कारण दिनुहोस् ।
Why is detergent considered less eco-friendly than soap? Give one reason.

(g) कालो (Bb) र खैरो (bb) कुकुरबिच क्रस गराउँदा दोस्रो वंशमा निस्कने कालो र खैरो सन्तानको अनुपात लेख्नुहोस् ।
When black (Bb) and brown (bb) dog are crossed, what is the genotypic ratio at second filial generation?

(h) एकजना विद्यार्थीलाई कक्षाको अन्तिम बेन्चमा बसी बोर्डमा लेखिएका अक्षरहरू पढ्न गाह्रो भएको छ । उक्त व्यक्तिको आँखाको कमजोरीलाई हटाउने उपाएको किरण रेखाचित्र देखाउनुहोस् ।
A student has faced difficulties in reading letters on the board from last bench due to a defect of vision. Draw a ray diagram of remedy of the problem of that person.

(i) यदि पानीमा प्रकाशको वेग $2.25\times10^5$ m/s छ र हावामा $3\times10^8$ m/s छ भने पानीको रिफ्र्याक्टिभ इन्डेक्सको मान हिसाब गर्नुहोस् ।
Calculate the refractive index of water, if speed of light in water is $2.25\times10^5$ m/s and in air is $3\times10^8$ m/s.

## खण्ड 'ग' (Section 'C')

तलका प्रश्नहरूको **छोटो उत्तर लेख्नुहोस्** :

**Write short answers to the following questions:** (14×2=28)

3. कर्मी मौरीको कुनै दुईओटा विशेषताहरू लेख्नुहोस् ।
   Write any two characteristics of worker bee.
4. जलवायु परिवर्तनका कुनै दुईओटा असरहरू लेख्नुहोस् ।
   Mention any two effects of climate change.
5. स्वतन्त्र चर र आश्रित चर बिच दुईओटा फरक लेख्नुहोस् ।
   Write two differences between independent and dependent variables.
6. भँगेराको क्लास र उनिउको डिभिजन लेख्नुहोस् ।
   Write class of sparrow and division of fern.
7. मेण्डलले आफ्नो प्रयोगको लागि केराउको सट्टा स्याउको बोट लिएको भए के अप्ठ्यारो हुन्थ्यो होला ? कुनै दुई बुँदामा लेख्नुहोस् ।
   What difficulties would have Mendel faced if he had used apple plant instead of pea for his experiment? Write in two points.
8. दिइएको चित्रमा 16 N ले के जनाउँछ ? उक्त वस्तुको तौल कति भएको भए पानीमा तैरिन्थ्यो होला ?
   In the given figure, what does 16 N represent? What should be the weight of the object to float on the water?




9. समतल ब्रम्हाण्ड र बन्द ब्रम्हाण्डबिच दुई बुँदामा फरक लेख्नुहोस् ।
   Differentiate between the flat universe and closed universe in two points.
10. दिइएको रासायनिक समीकरणको आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।
    Answer the questions on the basis of given chemical equations.
    प्रतिक्रिया (Reaction) A: $MgO + H_2O \rightarrow Mg(OH)_2$
    प्रतिक्रिया (Reaction) B: $Zn + dil\ H_2SO_4 \rightarrow ZnSO_4 + H_2$
    (i) उक्त प्रतिक्रियाहरूमध्ये संयोजन प्रतिक्रिया कुन हो ?
    Out of these two chemical equations, which one is the combination reaction?
    (ii) रासायनिक समीकरण B मा dil $H_2SO_4$ को सट्टा conc. $H_2SO_4$ को प्रयोग गर्दा के हुन्छ होला ?
    What happens when conc. $H_2SO_4$ is used instead of dil $H_2SO_4$ in chemical reaction B ?

क्रमशः


11. प्रयोगशालामा कार्बनडाइअक्साइड ग्यास बनाउने विधिको सफा चित्र खिच्नुहोस् र उक्त प्रक्रियामा प्रयोग हुने लवणको नाम लेख्नुहोस् ।
Draw neat and clean diagram of laboratory preparation of carbon dioxide. Write the name of salt used in this process.

12. कीटनाशकहरूको प्रयोगलाई कृषिका लागि प्रमुख चिन्ताको विषयको रूपमा लिइएको भए तापनि यसको प्रयोगले निरन्तरता पाउनाका दुईओटा कारणहरू लेख्नुहोस् ।
Although the use of pesticides is considered a major concern for agriculture, write two reasons why its use continues.

13. मयुर (peacock), गोही (Crocodile), सर्प (Snake), ह्वेल (Whale) र समुद्री घोडा (Sea-horse) मा स्तनधारी जनावर कुन हो र सबैभन्दा कम विकसित जनावर कुन हो ?
Among the animals Peacock, Crocodile, Snake, Whale and Sea-horse, which is the mammals and which is the least developed animal?

14. 700 g पिण्ड भएको पानीलाई $5^{0}C$ बाट $40^{-0}C$ सम्म तताउन कति ताप शक्ति आवश्यक पर्दछ ?
How much heat energy is required to raise the temperature 700 g water from $5^{O}C$ to $40^{O}C$ ?

15. यदि तपाईंले चित्रमा देखाइएको जस्तै प्रक्रिया अपनाएर अशुद्ध चाँदिबाट शुद्ध चाँदि पाउन चाहनुहुन्छ भने,
If you are applying the process shown in the diagram to get pure silver from impure silver, then




(i) A र B मध्ये कुन भागमा अशुद्ध चाँदि राख्नुहुन्छ ?
Between A and B, in which part will you put impure silver?

(ii) शुद्ध चाँदि प्राप्त गर्न 'C' को भूमिका के हुन्छ ?
What is the role of 'C' in obtaining pure silver?

16. आणविक भार 44 amu भएको संतृप्त हाइड्रोकार्बनको संरचना सूत्र लेख्नुहोस् । उक्त यौगिकको दुईओटा आसन्न कार्बनहरूबाट एक एकओटा हाइड्रोजन हटाएर बन्ने यौगिकको IUPAC नाम लेख्नुहोस् ।
Write the structural formula of the saturated hydrocarbon having molecular mass 44 amu. Write the IUPAC name of the compound which is obtained by removing two hydrogen atoms from adjacent carbons.

## खण्ड 'घ' (Section 'D')

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

**Write long answer to the following questions.** **(7×4=28)**

17. आधुनिक पेरियोडिक तालिकाको s ब्लक र p ब्लक तत्त्वहरूको कुनै दुई दुई ओटा विशेषताहरू लेख्नुहोस् ।

    Write any two characteristics of each of s-block and p-block elements of modern periodic table.

18. तल दिइएका घटनाहरूमा स्वतन्त्र चर र आश्रित चरहरू पत्ता लगाउनुहोस् ।

    Find independent and dependent variables in following events.

    (i) घाममा विरुवाको बढी बृद्धि हुनु (more growth of plant in sunlight)

    (ii) गुलेलीको तन्काई र त्यसले फालेको ढुङ्गाले पार गरेको दूरी नाप्दा (measuring the stretch of a catapult and the distance covered by the stone thrown by it)

19. सेतो प्रकाशको किरण प्रिज्मबाट पठाउँदा हुने प्रकासको विच्छेदनको चित्र बनाउनुहोस् र यसो हुनुका दुइओटा कारणहरू लेख्नुहोस् ।

    Draw a diagram to show the dispersion of white light as it passes through a prism. Write two causes of dispersion of light.

20. एक जना मानिसको रगतको परीक्षण गर्दा रिपोर्टमा देखिएको सेता रक्तकोष, राता रक्तकोष र प्लेटलेट्सको सङ्ख्या तलको तालिकामा देखाइएको छ ।

    Report of WBC, RBC and Platelet counts of a person is shown into following table.

| रक्त कोष (Blood cells) | रक्त कोष संख्या (No. of blood cells) |
|---|---|
| W | 30,00,000 |
| X | 3,000 |
| Y | 3,50,000 |

    (i) तिनीहरूमध्ये सामान्य अवस्थामा भएको रक्तकोष कुन हो ?
    Which of the blood cells is in normal condition?

    (ii) व्यक्तिमा X रक्तकोषको संख्याको कारणले देखिने एउटा समस्या लेख्नुहोस् ।
    Write a problem that arises due to the number of X blood cells.


    (iii) यदि Y को संख्या घटेर 1,50,000 मा पुग्यो भने उक्त मानिसलाई के समस्या हुन्छ ?
    If the counts of cell Y decrease and reaches 1,50,000 what would be the problem in the person?

    (iv) W रक्तकोषको नाम लेख्नुहोस् ।
    Name the blood cell W.

21. (i) एउटा ट्रान्सफर्मरको प्राइमरी क्वाइलमा 240 V को विद्युत पठाउँदा सेकेण्डरी क्वाइलबाट 480 V विद्युत निस्कन्छ भने प्राइमरी फन्का 300 हुँदा सेकेन्डरी फन्का कति होला ?
When 240 V is passed in the primary coil of a transformer, 480 V is induced in secondary coil, if there are 300 turns in primary coil how many turns will be in secondary coil?
(ii) ट्रान्सफर्मरको कोर किन लेमिनेसन गरिन्छ ?
Why is the core of a transformer laminated?
(iii) के ट्रान्सफर्मरको प्रयोग DC परिपथमा गर्न सकिन्छ ? एउटा कारण लेख्नुहोस् ।
Can transformer be used in DC circuit? Give reason.

22. आजभोली कृत्रिम विधिबाट जनावरहरूको भालेबाट वीर्यलाई संकलन गरी आवश्यकता अनुसार मेकानिकल विधिबाट पोथीको पाठेघरमा पुऱ्याएर गर्भाधान गराइन्छ ।
Nowadays, sperms are collected from a male animal by artificial methods and fertilization is done by inserting sperms mechanically into the uterus of a female.
(i) यो प्रविधिबाट हुने दुईओटा फाइदाहरू लेख्नुहोस् ।
Write any two advantages of this technology.
(ii) यो प्रविधि अपनाउँदा ध्यान दिनुपर्ने कुराहरूलाई दुई बुँदामा लेख्नुहोस् ।
Write two points to be considered while performing this technology?

23. दिइएको चित्रमा A र B को पिण्ड क्रमशः $6 \times 10^{24}$ kg र 400 kg तथा A को अर्धव्यास 6400 km छ ।
In the given figure, mass of A and B are $6 \times 10^{24}$ kg and 400 kg respectively, and the radius of A is 6400 km.




(i) A र B वस्तुहरू बिचको गुरुत्वाकर्षण बल पत्ता लगाउनुहोस् ।
Calculate the gravitational force between the objects A and and B.
(ii) बस्तु B लाई बस्तु A को सतहबाट कति उचाइमा लग्दा गुरुत्वप्रवेगको मान 6 $m/s^2$ हुन्छ ?
To what height the body B should be taken from the surface of the body 'A' so that the value of acceleration due to gravity becomes 6 $m/s^2$?

# SEE (Grade Increment) 2081 (2025)
## विज्ञान तथा प्रविधि

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*

### खण्ड (क) (Section A)
### बहुवैकल्पिक प्रश्नहरू (Multiple Choice Questions)

**तलका प्रश्नको ठिक विकल्प छानी उत्तरपुस्तिकामा लेख्नुहोस् :**
**Choose the best alternative of the following questions and write in the answer sheet:** **10×1=10**

1. (a) तलकामध्ये कम्प्युटर मेमोरीको सबैभन्दा सानो एकाइ कुन हो ?
Which of the following is the smallest unit of computer memory?
(i) किलोबाइट (Kilobyte) (ii) बिट (Bit)
(iii) मेगाबाइट (Megabyte) (iv) गिगाबाइट (Gigabyte)

(b) साइकसलाई किन जिम्नोस्पर्ममा राखिएको हो ?
Why is cycas kept in gymnosperm?
(i) फूल फुल्छ र बिउ उत्पादन गर्छ ( flowers and produces seed.)
(ii) फूल फुल्छ र यसका पात तिखा हुन्छन् ।
(flowers and has pointed leaf.)
(iii) फूलको सट्टा कोन हुन्छ र फलबिनाको नाङ्गो बिउ हुन्छ ।
(has cone instead of flower and the seed is naked.)
(iv) फूलको सट्टा कोन हुन्छ र फुलभित्र बिउ हुन्छ ।
(has cone instead of flower and seed is present inside fruit.)

(c) तलकामध्ये उभयचर वर्गको जीव समूह कुन हो ?
Which of the following is the group of amphibian organisms?
(i) भ्यागुता, गोही, कछुवा
frog, crocodile, tortoise
(ii) भ्यागुता, सालामान्डर, समुद्री घोडा
frog, salamandar, sear-horse
(iii) सालामाण्डर, गोही, समुद्री घोडा
salamandar, crocodile, sea-horse
(iv) सालामाण्डर, खस्रे भ्यागुतो, भ्यागुतो
salamandar, toad, frog

(d) तलकामध्ये तुलसीको उपयोगिता कुन सही हो ?
Which of the following is the utility of holy basil?
   (i) खानामा रुची जगाउने (food appetizer)
   (ii) कोलेस्ट्रोल घटाउने (reduce cholesterol)
   (iii) स्मरण शक्ति बढाउने (enhance memory power)
   (iv) स्वास प्रश्वास रोग निको पार्ने (Cure respiratory diseases)

(e) पृथ्वीको अर्धव्यास 6,371 km छ र सतहमा एउटा वस्तुको तौल 800 N छ। उक्त वस्तुको तौल पृथ्वीको सतहबाट 6,371 km को उचाइमा कति हुन्छ ?
Weight of object is 800 N on the surface of earth whose radius is 6,371 km. What is the weight of the object at the height 6,371 km from the surface of the earth?
   (i) 200 N   (ii) 800 N   (iii) 1600 N   (iv) 3200 N

(f) हाइड्रोलिक प्रेस कुन नियममा आधारित छ ?
(On which principle is hydraulic press based?)
   (i) पास्कलको नियम (Pascal's law)
   (ii) आर्किमिडिजको सिद्धान्त(Archimedes principle)
   (iii) प्लवनको नियम (Law of flotation)
   (iv) ब्यारोमिटरको सिद्धान्त (Principle of baro-meter)

(g) कथन : सूर्य वास्तविक उदाउने समयभन्दा २ मिनेट अगाडि नै देखिन्छ।
Statement : (Sun rises 2 minutes earlier than it's actual time)
**तर्क १ :** वायुमण्डलमा फरक फरक घनत्व भएका हावाका तहहरू हुन्छन्।
**Argument 1:** (There are layers of air of different densities in the atmosphere.)
**तर्क २ :** सूर्यबाट आएका प्रकाशका किरणहरू विभिन्न तहहरूबाट नर्मलदेखि टाढा बाङ्गिदै आउँछन्।
**Argument 2** : (Rays from the sun refracts away from the normal through different layers.)
   (i) कथन र तर्क १ ठिक छ, तर्क २ बेठिक छ। तर्क १ को कारण कथन हो।
   Statement and argument 1 are correct but argument 2 is wrong; Argument 1 is the reason of the statement.
   (ii) कथन, तर्क १, तर्क २ सबै ठिक हो। कथनको कारण तर्क १ मात्रै हो।
   (Statement, argument 1, argument 2 all is correct. Argument 1 is only the reason of statement.)
   (iii) कथन र तर्क १ ठिक हो, तर्क २ बेठिक हो। कथनको कारण तर्क १ हो।
   (Statement & argument 1 are correct but argument 2 is incorrect. Argument 1 is the reason of the statement.)
   (iv) कथन, तर्क १ र तर्क २ सबै ठिक हो। कथनको कारण तर्क १ र तर्क २ दुवै हो।

Contd...

Statement, argument 1 and argument 2 all are correct; Both argument 1 and 2 are the reason of the statement.

(h) कुन बलका कारणले ब्रह्माण्डमा रहेका आकाशीय पिण्डहरू आफ्नो स्थानमा रहेका होलान् ?

Due to which force heavenly bodies in the universe remain in their own position?

(i) गुरुत्वबल (gravity) (ii) गुरुत्वाकर्षण बल (gravitational force)

(iii) चुम्बकीय बल (magnetic force) (iii) न्युक्लियर बल (nuclear force)

(i) दिइएको रासायनिक प्रतिक्रियाको प्रकार कुन हो ?

What is the type of the chemical reaction given?

$2AgNO_3 + BaCl_2 \longrightarrow 2AgCl + Ba(NO_3)_2$

(i) संयोजन प्रतिक्रिया (combination reaction)

(ii) निराकरण प्रतिक्रिया (neutralization reaction)

(iii) विस्थापन प्रतिक्रिया (displacement reaction)

(iv) विच्छेदन प्रतिक्रिया (decomposition reaction)

(j) साबुनरहित साबुन तलका मध्ये कुन हो ?

Which of the following is a soapless soap?

(i) सोडियम कार्बोनेट (sodium carbonate)

(ii) डिटरजेन्ट (detergent)

(iii) साबुन (soap)

(iv) सोडियम क्लोराइड (sodium chloride)

## खण्ड (ख) Section (B)

**तलका प्रश्नकों अति छोटो उत्तर लेख्नुहोस् :**

**Write very short answers of the following questions.** **9×1=9**

2. (a) वाटलाई तत्जन्य एकाइ भनिनुको कारण के हो ?

Why is watt called derived unit?

(b) पास्कलको नियम लेख्नुहोस् ।

Write Pascal's law.

(c) पानीमा आधा डुबाइएको सिसाकलम बाङ्गो देखिन्छ, किन ?

The pencil partially immersed in water appears bent, why?

(d) एउटा चस्माको लेन्सको सामर्थ्य +0.5 D छ भने त्यस लेन्सको केन्द्रीकरण दुरी हिसाब गर्नुहोस् ।

The power of the spectacle is + 0.5 D then find out its focal length.

(e) विद्युत चुम्बकीय उपपादनको नियम लेख्नुहोस् ।

Write the law of electromagnetic induction.

(f) गुरुत्वाकर्षण अचर राशिको मान र गुरुत्वाकर्षण बल कुन अवस्थामा बराबर हुन्छ ?
In which condition gravitational constant and gravitational force are equal?

(g) चाँदीको प्रमुख धाउको नाम लेख्नुहोस् ।
Write the name the chief ore of silver.

(h) धाउलाई भट्टीमा राखी अक्सिजनको अनुपस्थितिमा तताई धातुको अक्साइडमा परिवर्तन गर्ने प्रक्रियालाई के भनिन्छ ?
What is the process of converting the ore of metal into metal oxide by heating it in furnace in absence of oxygen called?

(i) दुईओटा कार्बन र तिनीहरुबिच डबल बोन्ड भएको असंतृप्त हाइड्रोकार्बनको संरचना सूत्र लेख्नुहोस् ।
Write the structural formula of the unsaturated hydrocarbon having two carbon atoms with a double bond.

## खण्ड (ग) Section (C)

**तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**
**Write short answers of the following questions:** **(14×2=28)**

3. कार्यको एकाइ जुल (J) = $kgm^2/s^2$ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
Prove that unit of the work is (J) = $kgm^2/s^2$.

4. सरिसृप वर्गको कुनै दुई विशेषता लेख्नुहोस् ।
Write any two characteristics of the class reptiles.

5. शुद्धकालो बिरालो (BB) र शुद्ध सेतो बिरालो (bb) बिच समागमन भई आउने परिणामको $F_2$ जेनेरेसनसम्मको चार्ट बनाउनुहोस् ।
Draw a chart of the result obtained by crossing pure black cat (BB) and pure white cat (bb) up to $F_2$ generation.

6. मानिसमा हुने लिङ्ग निर्धारण प्रक्रियाको चार्ट बनाउनुहोस् ।
Draw a chart to show the sex determination process in human.

7. कर्मी मौरी पहिचान गर्ने कुनै दुईओटा तरिकाहरू लेख्नुहोस् ।
Write any two ways to identify worker bee.

8. दिइएको अवस्थामा के हुन्छ ? What happens when;
   i. रगतमा इन्सुलिनको मात्रा कमी हुँदा, level of insulin is lowered in blood.
   ii. बढि प्युरिन भएको खानेकुरा उपभोग गरेमा, having food with high purine.

9. घिउकुमारीको कुनै दुई उपयोगिताहरू लेख्नुहोस् ।
Write any two uses of aloe-vera.

10. तल दिइएको अवस्थाको आधारमा ब्रह्माण्डको प्रकार लेख्नुहोस् । Write the type of the universe based on the given condition
    i. गुरूत्वप्रभाव शून्य हुँदा पनि पिण्डको गति बाँकी रहन्छ, some velocity retains, if the gravity on a body becomes zero

Contd...

ii. गुरूत्वप्रभाव र पिण्डको गति एकै समयमा शून्य हुने, if the gravity and the velocity of the celestial bodies becomes zero at the same time.


11. एउटा आकाशीय वस्तुको पिण्ड $7.342 \times 10^{22}$ kg र अर्धव्यास 1,737 km छ भने यसको सतहमा गुरुत्वप्रवेग कति हुन्छ ? हिसाब गर्नुहोस् ।
Mass and radius of a heavenly body are $7.342 \times 10^{22}$ kg and 1,737 km respectively. Calculate the acceleration due to gravity on its surface.

12. अल्टरनेटिङ करेन्ट र डाइरेक्ट करेंन्टबिच कुनै दुई फरक लेख्नुहोस् ।
Write any two differences between alternating current and direct current.

13. एउटा ट्रान्सफर्मरमा प्राइमरी क्वाइलको सङ्ख्या 420 फन्का र सेकेन्डरी क्वाइलको सङ्ख्या 70 फन्का छ । उक्त ट्रान्सफर्मरको प्राइमरी भोल्टेज 210 V भए सेकेन्डरी भोल्टेज कति होला ?
A transformer has 420 turns in primary coil and 70 turns in secondary coil. Calculate the secondary voltage if the primary voltage is 210 V.

14. तलको शब्द समीकरणलाई सन्तुलित सूत्र समीकरणमा परिवर्तन गर्नुहोस् ।
Convert the following word equation into balanced formula equation.
सल्फ्यूरिक अम्ल + क्याल्सियम हाइड्रोअक्साइड $\rightarrow$ क्याल्सियम सल्फेट + पानी
Sulphuric acid + calcium hydroxide $\rightarrow$ calcium suplhate + water

15. दिइएको संरचना सूत्र भएको यौगिकको IUPAC नाम लेख्नुहोस् । उक्त यौगिकमा भएका प्रत्येक कार्बनबाट एक/एकओटा हाइड्रोजनलाई -OH ग्रुपले विस्थापन गर्दा बन्ने यौगिकको एउटा उपयोगिता लेख्नुहोस् ।
Write the IUPAC name of the given compound. Write a use of the compound which is formed by replacing one hydrogen atom from each carbon by -OH group.



16. प्राकृतिक रूपबाट आलु सुरक्षित ढङ्गले भण्डारण गर्न दुईओटा सुझावहरू दिनुहोस् ।
Give any two suggestions to preserve potato by natural ways.

## खण्ड (घ) Section (D)

**तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् :**
**Write long answer of the following questions.** **(7×4=28)**


17. लामो भिडियोलाई काटी छोटो भिडियो क्लिप कसरी बनाउन सकिन्छ ? चार ओटा बुँदामा लेख्नुहोस् ।
How can a short video clip be made by trimming a long video? Write in four points.

18. दिइएको बुँदाका आधारमा माइटोसिस कोष विभाजन र मिओसिस् कोष विभाजनमा फरक लेख्नुहोस् ।
Write differences between mitosis cell division and meiosis cell division on the basis of given points.
(i) सन्तति कोष बन्ने सङ्ख्या (Number of daughter cell produced.)
(ii) सन्तति कोषमा क्रोमोजोमको सङ्ख्या (Number of chromosomes in daughter cell)
(iii) कोष विभाजनको चरण (Stage of cell division)
(iv) शरीरमा यसको भूमिका (Role of division in the body)

19. धमनी र शिराबिचको कुनै दुईओटा फरक लेख्नुहोस् । पल्मोनरी रक्तसञ्चार र सिस्टेमिक रक्तसञ्चार देखिने चित्र खिच्नुहोस् ।
Write any two differences between artery and vein. Draw a diagram that shows pulmonary and systemic circulation.

20. a. 500 g पानीलाई तताएर यसको तापक्रम $15^0$ C बाट $85^0$ C सम्म पुऱ्याउन आवश्यक पार्ने तापशक्ति हिसाब गर्नुहोस् ।
Calculate the heat energy required to rise temperature of 500 g of water from $15^0$ C to $85^0$ C.
b. ताप र तापक्रमबिच कुनै दुई फरक लेख्नुहोस् ।
Write any two differences between heat and temperature.

21. चित्र अध्ययन गरी निम्न प्रश्नहरूको उत्तर दिनुहोस् ।
Study the ray diagram and answer the following question.




(i) वस्तु PQ को आकृति बन्ने प्रक्रियाको किरण रेखाचित्र पूरा गर्नुहोस् ।
Complete the ray diagram of the image formed by the object PQ.
(ii) यसबाट बन्ने आकृतिको कुनै दुईओटा विशेषताहरू लेख्नुहोस् ।
Write any two characteristics of the image formed.

22. दिइएको तालिकामा तत्त्वहरूको साङ्केतिक नाम र इलेक्ट्रोनिक विन्यास दिइएको छ ।
Symbolic name of elements are given in the given table.

| तत्त्वको नाम (Name of element) | इलेक्ट्रोनिक विन्यास (electronic configuration) |
|---|---|
| X | $1s^2, 2s^22p^6, 3s^1$ |
| Y | $1s^2, 2s^22p^6, 3s^23p^5$ |
| Z | $1s^2, 2s^22p^6, 3s^23p^6$ |


(i) पेरियोडिक तालिकामा तत्त्व X को ब्लक उल्लेख गर्नुहोस् ।
Mention the block of element X in the periodic table.

Contd...

(ii) Z तत्त्वको संयुज्यता लेख्नुहोस् ।
Write the valency of element Z.

(iii) X र Y तत्त्वबिचमा हुने रासायनिक प्रतिक्रियाको सन्तुलित रासायनिक समीकरण लेख्नुहोस् ।
Write the balanced chemical equation of the reaction between elements X and Y.

23. दिइएको चित्र अध्ययन गर्नुहोस् :
Study the given figure.




(i) ग्याँसजारमा कुन ग्याँस जम्मा भएको छ ?
Which gas is collected in the gas jar?

(ii) उक्त ग्याँसको परीक्षण कसरी गरिन्छ ? कुनै एक तरिका लेख्नुहोस् ।
How is this gas tested? Write any one method.

(iii) यसरी बन्ने ग्याँसको एउटा उपयोगिता लेख्नुहोस् ।
Write a use of the gas thus formed.

(iv) ग्याँसजारलाई किन ठाडो पारी राखिएको हो ?
Why is the gas jar placed in erect position?

-0-